# गोलन्जोर गाउँपालिका
## Golanjor Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati province, Nepal

प.स.०८०/०८१
च.नं.१४४५

मिति:२०८०/११/२३

विषय: समन्वय तथा सहयोग सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
गोलन्जोर गाउँपालिका।

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय, सिन्धुलीको च.नं. १३८, मिति २०८०।११।२२ गतेको पत्रानुसार उपनिर्वाचन प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० बमोजिम यस गाउँपालिकाको सबै वडा कार्यालयमा मिति २०८० फाल्गुन २८ गते देखि चैत्र ०५ गते सम्म संञ्चालन गर्नु पर्ने भएको हुँदा वडा सचिवज्यूले तपशिल बमोजिमको कार्य सम्पादन गर्नु हुन अनुरोध छ। साथै यसै पत्र साथ संलग्न १ थान मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम २०८० (अनुसूची -१) समेत पठाइएको व्यहोरा अनुरोध छ।

तपशिलः

१ अनुसूची-१ बमोजिम कार्यक्रम संञ्चालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,

२ अनुसूची-१ बमोजिम हुने कार्यक्रम संञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरुले पेश गरेको अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,

३ दर्ता हुन आएका अनुसूची फराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,

४ आफ्नो वडामा दर्ता हुन आएका मृत्यु दर्ता, वसाँइ सराँइ सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,

५ प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरु आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउने,

६ मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम २०८० मा तोकिएको अन्य कार्यहरु गर्ने।

**नोटः मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम २०८० को अनुसूची-१ तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी आधिकारिक फेसबुक पेज समेतका सामाजिक संञ्जालमा अपलोड गरी प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ।**

..............................
ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

*अनुसूची-१*

# निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

### मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |

निर्वाचन आयोग,नेपाल

# जिल्ला निर्वाचन कार्यालय

सिन्धुली

प.सं. २०८०/८१
च.नं. १३८

मिति २०८०/११/२२
ने.सं.११४४ सिल्लागा,१० मंगलवार

श्री स्थानीय तह सबै, सिन्धुली
श्री वडा कार्यालय सबै, सिन्धुली

विषय :- समन्वय तथा सहयोग सम्बन्धमा।

प्रस्तुत बिषय सम्मानित निर्वाचन आयोग, नेपालको मिति २०८०/११/१६ को निर्णयानुसार उपनिर्वाचन प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सबै जिल्लाका, सबै स्थानीय तहका, वडा कार्यालय सम्म मिति २०८० फाल्गुण २८ गते देखी चैत ०५ सम्म संञ्चालन हुदैछ। सो कार्यक्रमको सम्बन्धमा स्थानीय तहलाई देहाय वमोजिमका समन्वय तथा सहयोग हुनु पर्ने कार्यहरु तोकिएको जानकारीका लागि सादर अनुरोध छ ।

क. कार्यक्रममा नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसुचि १ बमोजिमको सूचना प्रचार प्रसारमा सहयोग गर्ने,

ख. कार्यक्रम कार्यन्वयनका लागि अनुसुची १ वमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. मातहतका वडा सचिवहरुलाई देहायको कार्य सम्पादन गर्न तथा सहजिकरण गर्ने,

- अनुसुची-१ बमोजिमको कार्यक्रम संञ्चाललन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसुची-१ वमोजिम हुने कार्यक्रम संञ्चाललन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरुले पेश गरेको अनुसूची फारम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- दर्ता हुन आएका अनुसूची फारम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,

- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु दर्ता, बसाईं सराई सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरु आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम २०८० मा तोकिएका अन्य कार्यहरु गर्ने ।

सो कार्यक्रमको प्रभावकारिता अभिवृद्धि, सहयोग, समन्वय र प्रचार प्रसारका लागि सादर अनुरोध छ। साथै मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्याक्रम, २०८० सम्बन्धी यसै साथ संलग्न सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी आधिकारिक फेसबुक पेज समेतका सामाजिक संञ्जालमा अपलोड गरी प्रचार प्रसार गरिदिनु हुन समेत सादर अनुरोध छ ।

<u>संलग्न कागजातहरु</u>

१. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०
२. स्थानीय तहबाट समन्वय तथा सहयोग हुनु पर्ने कार्यहरुको सूची
३. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना (अनुसूची- १)

..................
कैलाश कोइराला
(जिल्ला निर्वाचन अधिकारी)

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरभ"
"Free and Fair Election: Pride of Nation"
इमेल: deo.sindhuli@election.gov.np , फोन नं.: ०४७-५२०३२२